# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ५८ | काठमाडौं | बुधबार, ०५ असार २०८१ | Prabhab National Daily | Wednesday, June 19, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चत गरौं**

**संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ ।**

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,

- मानवअधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चत गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


बजेटमा असन्तुष्टि

# संसद्मै च्यातियो बजेट पुस्तिका

■ **प्रभाव संवाददाता**





**काठमाडौं–** प्रतिनिधिसभामा मंगलबार विनियोजन विधेयकमाथि छलफलको क्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट विनियोजित बजेटबारे सर्वाधिक असन्तुष्टि सुनियो । भौतिक पूर्वाधारमन्त्री हाल नेकपा एमालेका नेता रघुवीर महासेठ छन् । उनले मन्त्रालयको अधिकांश बजेट गृहजिल्ला धनुषा र उनकै दल एमालेका अध्यक्ष केपी शर्मा ओलीको गृहजिल्ला झापामा खन्याएको भन्दै सांसदहरूले आक्रोश पोखे ।

विपक्षी दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले त भौतिक मन्त्रालयको बजेट पुस्तिका नै संसद्को रोस्ट्रममा च्यातचुत पारे । असंसदीय गतिविधि हुने भन्दै धन्न च्यातचुत पारेको बजेट पुस्तिका भने फालेनन् । 'जबदेखि भौतिक पूर्वाधार मन्त्रालयको यो पुस्तक हातमा पर्‍यो, त्यो दिनदेखि म यसरी तातिएको छु कि यो यसरी च्यातेर हुर्‍याउने मन छ,' दुई टुक्रा बनाएको रातो किताब पोडियममा राख्दै उनले भने, 'संसदीय मर्यादाविपरीत हुन्छ भनेर कहाँ हुर्‍याउनुपर्ने हो, त्यहाँ नहुर्‍याएर यहाँ राख्छु ।'

सांसद लिङ्देनले मन्त्रालयको बजेट पुस्तिका च्यातचुत पार्दा भौतिक पूर्वाधारमन्त्री महासेठ संसद् बैठकमै थिए । एकोहोरिएर लिङ्देनको व्यक्त आक्रोश र गतिविधि नियालिरहे । लिङ्देनले मन्त्री महासेठलाई बजेट कसैको बाउको सम्पत्ति नभएको पनि भन्न भ्याए । उनले भौतिक मन्त्रालयको बजेटलाई लिएर आक्रोश पोखिरहँदा विपक्षी बेन्चमा रहेका सांसदहरूले ढ्याप ढ्याप पार्दै समर्थन गरे । सत्तापक्षका सांसदहरू भने मौन रहे ।

- भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठले बजेट गृहजिल्ला धनुषामा केन्द्रित गरेपछि संसद्मा आक्रोश
- करिब एक अर्ब ५० करोड रुपैयाँको बजेट धनुषा र मन्त्री महासेठको चुनाव क्षेत्रमा केन्द्रित
- राप्रपाका अध्यक्ष लिङ्देनले भौतिक मन्त्रालयको बजेट पुस्तिका नै संसद्को रोस्ट्रममै च्याते

उनीभन्दा अघि बोलेका राप्रपाकै प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले झापा र धनुषामा भौतिक मन्त्रालयको बजेट केन्द्रित गरेको भन्दै मन्त्री महासेठको आलोचना गरे । उनले कर्णालीलाई भौतिक मन्त्रालयको बजेटमा विभेद गरेको गुनासो गरे । यस्तै विभेद भइरहन्छ भने कर्णालीलाई नेपालबाट अलग पार्नेसम्मको अभिव्यक्ति दिए । उनको देशलाई खण्डित पार्नेसम्मको चेतावनीयुक्त अभिव्यक्तिमा पनि सांसदहरूले ढ्याप ढ्याप गरेका थिए ।

यी दुई सांसदभन्दा अघि-पछि बोलेका अधिकांश सांसदले पनि मन्त्री महासेठको विरोध गरे । बजेटको असन्तुलित वितरण भएको भन्दै मन्त्रीले आफ्नो चुनाव क्षेत्र मात्र नभई सिंगो देशको समानुपातिक ढंगको विकास गर्नेगरी बजेट वितरण गर्नुपर्ने बताए । तर, त्यस्तो नभएको भन्दै महासेठमाथि सांसदहरू खनिए ।

(क्रमशः पृष्ठ २ मा)

# ८२५ शिक्षकलाई शिक्षण, २० शिक्षकलाई राजनीति प्यारो

- दलसँगको आबद्धता त्याग्न शिक्षामन्त्रीले दिएको निर्देशनअनुसार ८२५ शिक्षकले दल त्यागे तर २० शिक्षकले दल रोजे
- हरेक दलका शिक्षक संगठन
- दलमा आबद्धता भएका शिक्षकहरूलाई बर्खास्त गर्ने प्रक्रिया अघि बढाउनेसम्मको चेतावनी शिक्षमन्त्री श्रेष्ठले दिएकी थिइन्



■ **जेबी योञ्जन**

**काठमाडौं–** छ वर्षअघि सार्वजनिक उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनमा शिक्षामा चरम दलीय राजनीतिकरणले सामुदायिक विद्यालयको गुणस्तर खस्केको तथ्य उल्लेख छ । शिक्षकलाई पेसागतरूपमा जिम्मेवार बनाउन दलीय आबद्धताबाट टाढा राख्नसमेत प्रस्ताव गरिएको छ ।

यसका अतिरिक्त शिक्षक संगठनहरूसमेत खारेजीको प्रस्ताव प्रतिवेदनमा छ । यतिमात्रै गर्दा पनि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उक्सिने आयोगको दाबी छ । तर, उक्त प्रतिवेदनले गरेको प्रस्ताव र सुझावलाई कार्यान्वयन गर्न अघिल्ला शिक्षामन्त्रीहरू तयार भएनन् । वर्तमान शिक्षामन्त्री सुमना श्रेष्ठले भने मन्त्री नियुक्त भएकै दिन शिक्षकलाई दलीय आबद्धताबाट अलग पार्ने घोषणा गरेकी थिइन् । सोहीअनुसार राजनीतिक दलको सदस्यता त्याग्न निर्देशन नै जारी गरिन् । उनै श्रेष्ठ शिक्षामन्त्री भएको मंगलबार १०० दिन पूरा भयो ।

त्यस अवसरमा पत्रकार सम्मेलन गर्दै उनले दलीय आबद्धता कति शिक्षकले त्यागे र कति शिक्षकले शिक्षण पेसा त्यागेर राजनीतिलाई रोजे ? त्यससम्बन्धी विवरण सार्वजनिक गरेकी छन् । मन्त्री श्रेष्ठका अनुसार राजनीतिक दलको सदस्यता त्याग गर्न निर्देशन दिएपछि २० जनाले शिक्षक पद नै त्यागे । राजीनामा दिएर उनीहरू राजनीतिमा पूर्णकालीन भएका छन् । स्रोतका अनुसार उनीहरू राजनीतिक दलको स्थानीय तहदेखि जिल्ला हुँदै प्रदेशसम्मको समितिमा शक्तिशाली भूमिकामा छन् ।

राजनीतिमा आबद्ध भएका ४५ शिक्षकविरुद्ध उजुरी प्राप्त भएको, तीमध्ये ४१ जनासँग स्पष्टीकरण सोधिएको र चार जनाले सफाइ पाएको पनि जानकारी दिइएको छ । यसअघि सरकारले नीति तथा कार्यक्रममा पनि शिक्षकलाई दलीय आबद्धताबाट मुक्त गराउने कानुनी व्यवस्थालाई कार्यान्वयन गर्ने घोषणा गरेको थियो । जसले शिक्षामन्त्री श्रेष्ठको घोषणालाई कार्यान्वयन गर्न नीतिगतरूपमै सम्बोधन गर्‍यो ।

> शिक्षकलाई राजनीतिक दलबाट मुक्त गराउने कुरा शिक्षा मन्त्रालयको मात्र काम होइन, यसमा सबै पक्षको साथ र सहयोग चाहिन्छ ।
>
> ■ **सुमना श्रेष्ठ**
> **शिक्षामन्त्री**

जसअनुसार ८२५ जना शिक्षकले राजनीतिक दलसँगको आबद्धता त्यागेको शिक्षामन्त्री श्रेष्ठले जानकारी दिइन् । उनले शिक्षकहरूलाई राजनीतिबाट निरुत्साहित गर्न आफ्नो प्राथमिकता रहेको प्रतिबद्धता दोहोर्‍याइन् । शिक्षामा दलीय राजनीतिकरण हुन नहुने एजेन्डा अन्तिम साससम्म नछाड्ने उनको प्रतिबद्धता छ । यसका लागि सबै पक्षको सहयोग आवश्यक रहेको मन्त्री श्रेष्ठले बताइन् । 'शिक्षकलाई राजनीतिक दलबाट मुक्त गराउने कुरा शिक्षा मन्त्रालयको मात्र काम होइन,' उनले पत्रकार सम्मेलनमा भनिन्, 'यसमा सबै पक्षको साथ र सहयोग चाहिन्छ ।'

उनले शिक्षामा दलीय राजनीतिकरण रहेसम्म समाज, शिक्षक र विद्यार्थीहरूको शिक्षण पेसामा मर्का पुग्ने बताइन् । त्यही भएर मन्त्रालयले निर्वाचन आयोगसँग दलमा आबद्ध शिक्षकहरूको तथ्यांक माग गरे पनि प्राप्त नभएको बताइन् । शिक्षा मन्त्रालयका अनुसार शिक्षण पेसामा देशभर दुई लाख ८६ हजार ८८ जना शिक्षक कार्यरत छन् । आधारभूत तह कक्षा १ देखि ८ सम्म ५१ प्रतिशत पुरुष शिक्षक र ४९ प्रतिशत महिला शिक्षक रहेका छन् । माध्यमिक तहमा भने पुरुष शिक्षक ८२ प्रतिशत र महिला शिक्षक १८ प्रतिशत रहेका छन् ।

यीमध्ये अधिकांश शिक्षक कुनै न कुनै राजनीतिक दलसम्बद्ध शिक्षक संगठनमा आबद्ध छन् । नेपाली कांग्रेसनिकट नेपाल शिक्षक संघ, नेकपा एमालेनिकट अखिल नेपाल शिक्षक संगठन, नेकपा माओवादी केन्द्रनिकट अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनलगायत शिक्षक संगठन क्रियाशील छन् ।

यी संगठनमा आबद्ध शिक्षकहरू दलीय झण्डा बोकेर हिँड्छन् । शिक्षण पेसा भए पनि राजनीतिलाई मूल पेसाजसरी ठान्छन् । जसले गर्दा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर औंलामा गन्न सकिने विद्यालयबाहेकको चिन्ताजनक छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# कोमा र जेलमा रहेकाको तथ्यांक संकलन निर्देशनमै सीमित

> श्रम स्वीकृति लिएर कानुनीरूपमा गएका नेपालीहरु बिरामी परेर कोमामा पुगेको रेकर्ड छ, तर विभिन्न कारणले गैरकानुनीरूपमा कतार, साउदी, कुवेत, ओमानलगायतका देशमा रहेका उनीहरु गम्भीर बिरामी पर्ने, जेल पर्ने अलपत्र हुने अवस्थामा बोर्डसँग कुनै तथ्यांक हुँदैन ।
>
> ■ **टीकाराम ढकाल**
> **प्रवक्ता, वैदेशिक रोजगार बोर्ड**




■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** रोजगारीको क्रममा विदेश पुगेर विभिन्न परिस्थितिका कारण गम्भीर बिरामी भई अस्पतालको कोमामा पुगेका र जेलमा परेका नेपालीहरूको तथ्यांक संकलन कार्य निर्देशनमै सीमित भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै विदेशी अस्पतालको कोमामा र जेलमा रहेका नेपालीहरूको यकीन विवरण संकलन गर्न वैदेशिक रोजगार बोर्डलाई दिएको निर्देशन दिएका थिए ।

मन्त्री अर्यालले निर्देशन दिए पनि बोर्डले अहिलेसम्म कुनै प्रक्रिया अघि बढाएको छैन । न तथ्यांक संकलनका लागि सम्बन्धित मुलुकका नेपाली नियोगहरूसँग कुनै समन्वय नै गरेको छ । नियमितरूपमा बोर्डमा निवेदन लिएर जाने र विदेशस्थित नेपाली नियोगहरूबाट आएका जानकारीलाई रेकर्डमा राख्नेबाहेक अन्य थप गतिविधि सञ्चालन नगरेको बोर्ड आफैंले स्वीकार गरेको छ ।

यद्यपि बोर्डले गर्ने नियमित कामहरू गरिरहेको र प्रक्रियागतरूपमा आएका निवेदनमाथि आवश्यक उद्धार तथा क्षतिपूर्ति दिने काम भइरहेको बोर्डका निर्देशक एवं प्रवक्ता टीकाराम ढकालले बताए । 'नियमित गर्ने कामहरू गरिरहेकै छौं, जानकारी आएसम्मका कुरालाई रेकर्डमा राख्ने हो,' उनले भने, 'बोर्ड आफैं प्रोएक्टिभ भएर खोजी गर्दै हिँड्दैन, सम्बन्धित व्यक्तिका आफन्तले निवेदन लिएर आउने र गन्तव्य मुलुक हेर्ने दूतावासले दिएको जानकारी नै हाम्रो तथ्यांक संकलनको आधार हो ।'

मन्त्री अर्यालले दिएको निर्देशनका सन्दर्भमा भने केही तथ्यांक आएको र मन्त्रालयमा यसअघि नै बुझाइसकिएको निर्देशक ढकालको भनाइ छ । त्यो निर्देशनको सवालमा पहिल्यै तथ्यांक संकलन गरी बुझाइएको बताए पनि के कति संख्यामा विवरण संकलन भयो उनले खुलाउन सकेनन् । पछिल्लो समय त्यस्तो तथ्यांक संकलनका लागि बोर्डबाट कुनै प्रक्रिया नबढाइएको ढकालले स्वीकार गरे । 'श्रम स्वीकृति लिएर कानुनी रूपमा गएका नेपालीहरू बिरामी परेर कोमामा पुगेको रेकर्ड छ, तर विभिन्न कारणले गैरकानुनी (अनडकुमेन्टेड) रूपमा कतार, साउदी, कुवेत, ओमानलगायतका देशमा रहेका उनीहरू गम्भीर बिरामी पर्ने, जेल पर्ने अलपत्र हुने अवस्थामा बोर्डसँग कुनै तथ्यांक हुँदैन,' उनले भने ।

विदेशी अस्पतालहरूमा कोमामा रहेका नेपालीहरूलाई स्वदेशमै फर्काएर उपचार गर्ने प्रवन्ध मिलाउन र जेलमा रहेकाहरूलाई आवश्यक कानुनी सहायता प्रदान गरी उनीहरूको उद्धार गर्ने कार्यका लागि मन्त्री अर्याल संवेदनशील रहेकाले यकीन तथ्यांक संकलनको लागि बोर्डलाई आवश्यक निर्देशन दिइएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता गोविन्दप्रसाद रिजालले बताए । अहिलेसम्म बोर्डबाट त्यस्तो कुनै तथ्यांक नआएको रिजालले जानकारी दिए । 'उहाँहरू (बोर्डका कर्मचारीहरू) तथ्यांक संकलनका लागि आवश्यक कार्य गर्दै हुनुहुन्छ होला,' प्रवक्ता रिजालले भने, 'तर तथ्यांक संकलन भएको र मन्त्रालयमा आइसकेको कुरा मेरो जानकारीमा छैन ।'

प्रधानमन्त्री पुष्पकमल दाहलको अध्यक्षतामा गन्तव्य मुलुक हेर्ने राजदूतसहितको उच्चस्तरीय बैठकले गरेको विदेशी अस्पतालका कोमामा रहेका बिरामीहरूलाई नेपाल फर्काएर उपचार गर्ने र जेलमा रहेकाहरूलाई कानुनी सहायता प्रदान गर्नेसम्बन्धमा तथ्यांक संकलन गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरेको थियो । सोही निर्णयलाई कार्यान्वयनमा लैजाने भन्दै मन्त्री अर्यालले यकीन तथ्यांक संकलनका लागि बोर्डलाई निर्देशन दिएका थिए । हाल विदेशका विभिन्न अस्पतालमा गम्भीर बिरामी परेर कोमामा पुगेका र विभिन्न कारणले जेलमा परेका नेपालीहरूको यकीन विवरण नहुँदा उद्धार तथा उपचारका लागि कठिनाइ भइरहेको प्रवक्ता रिजालले बताए ।




# तिलगंगा आवास क्षेत्रका संरचना हटाइँदै

**काठमाडौं (प्रस)–** पशुपति क्षेत्र विकास कोषले काठमाडौं महानगरपालिका–८ तिलगंगा 'बी' १३ आवास क्षेत्रका अधिग्रहण भएका संरचना हटाउने भएको छ । कोषको गुरुयोजनाका स्वीकृत अवधारणात्मक गुरुयोजनाअनुसार नेपाल सरकारको २०६९ भदौको निर्णयअनुसार गुरुयोजना कार्यान्वयनका क्रममा तिलगंगा आवास क्षेत्रका जग्गा तथा पक्की/कच्ची घर, टहरा, गोठ, पर्खाल आदि संरचनासमेत स्थायी रूपले अधिग्रहण गर्ने भई मुआब्जा वितरण गरिए पनि खाली नभएकाले खाली गराउन लागिएको विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए ।

उनले भने, 'अधिग्रहण प्रभावित क्षेत्रका प्रायः सबैलाई भुक्तानी भइसकेको छ, हालसम्म पनि तिलगंगा आवास क्षेत्रका संरचना खाली गरिएको छैन, कोषले खाली गराउन १५ दिनको म्याद दिएको छ, म्यादभित्र ती संरचना नहटाए कानुनबमोजिम कोष आफैंले हटाई खाली गराउने छ ।' कोषको गुरुयोजनाअनुसार २०६९ भदौ ६ गते जग्गा अधिग्रहण गर्ने निर्णय गरेको थियो । सोही योजनाअनुसार २०७० जेठ ३० गतेदेखि मुआब्जा दिन सुरु गरिएको र २०७१ मा प्रायः सबैको मुआब्जा वितरण भइसकेको प्रवक्ता अधिकारीले बताए ।

तिलगंगा क्षेत्रका झन्डै १०० संख्यामा पक्की तथा कच्ची घरटहरा हटाउन लागिएको कोषले जनाएको छ । यसैगरी, अधिग्रहण भएको तिलगंगा आवासीय क्षेत्र खाली गराउन यसअघि २०७७ असार ३ गते पनि कोषले ३५ दिने सूचना जारी गरिएको थियो । त्यसबेला विविध कारणले खाली नगरिए पनि कोषले मंगलबार पुनः १५ दिने म्याद दिइएको प्रवक्ता अधिकारीले जानकारी दिए ।

# चुरेवासीको माग सम्बोधन गर्न आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय सभा सदस्यहरूले २७ दिनदेखि माइतीघर मण्डलमा आन्दोनरत चुरेवासीको माग सम्बोधन गर्न सरकारलाई आग्रह गरेका छन् । राष्ट्रिय सभाको मंगलबारको बैठकको शून्य समयमा उनीहरूले मधेसवासीहरू चुरे बचाऊ तथा खानेपानीको माग राख्दै धर्नामा बसिरहेको उल्लेख गर्दै उनीहरूको माग सम्बोधन गर्न सरकारको ध्यानकर्षण गराए ।

सांसद आनन्दप्रसाद ढुंगानाले मधेसवासी पानीको माग गर्दै माइतीघर मण्डलमा धर्ना बसे पनि खानेपानीको विषयमा र चुरे दोहन नियन्त्रणका लागि सरकार गम्भीर नरहेकामा असन्तुष्टि जनाए । 'चुरे दोहनका कारण मधेसमा खानेपानीको अभाव भइरहेको, यसमा सरकारको ध्यान जाओस,' उनले भने ।

सांसद किरणबाबु श्रेष्ठले सरकारी कर्मचारीहरू न्यून तलबमा काम गरिरहेको उल्लेख गर्दै यस वर्ष पनि तलब नबढेकोमा असन्तुष्टि जनाए । सांसद पदमबहादुर परियारले स्वास्थ्य बीमा कार्यक्रम सफल भए पनि तर बीमा गराउने कर्मचारीले प्रोत्साहन रकम पाउन नसकेको गुनासो गरे । सांसद रुक्मिणी कोइराला ताप्लेजुङमा बाढीपहिरोको कारण मृत्यु भएका परिवारलाई आवश्यक राहत उपलब्ध गराउन माग गरिन् ।

सांसद रेणु चन्दले कर्मचारीहरूलाई अतिरिक्त काम गरेबापत प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्नेमा जोड दिइन् । सांसद विष्णुकुमारी सापकोटाले विगत १२ दिनदेखि छोरीको न्यायको खोजीमा अनशनरत रुवी खानको जीवनरक्षाको माग गरिन् ।


## जगेडा बचत तथा ऋण सहकारी सस्था लि.

चन्द्रागिरी १५ तिनथाना ढुंगेअड्डा, काठमाडौं

### कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

तपाई निम्न लिखीत सदस्यले यस सस्थाको सदस्य भई नियमानुसार तमसुक गरी कर्जा लगेकोमा सांबा ब्याज भुक्तानी नगरेकोले ३५ दिन भित्र सांवा ब्याज भुक्तानी गर्न संस्थामा उपस्थीत हुनुहोला । अन्यथा कानुन बमोजिम कारबाही हुनेछ ।

१. हंसपुर ७ अ.खा. बस्ने रुमान सिंहको नाति टोम बहादुर को छोरा बर्ष ५० को तारा बहादुर बस्नेत ।
२. बिहु ७ बाग्लुङ बस्ने चक्रपाणी को नाती जयभद्रको छोरा बर्ष ५५ को धनिश्वर कंडेल ।
३. रानिबन ४ ओखलढुंगा बस्ने रत्न बहादुरको नाति नैन बहादुरको छोरा बर्ष ५० को लोकबहादुर श्रेष्ठ ।
४. तिनथाना ६ च.न.पा. काठमाडौं बस्ने प्रेम बहादुरको नाति कुमार थापाको छोरा बर्ष ५७ को बिजय थापा ।
५. डिभर्ना ३ अ.खा. बस्ने टेक बहादुरकी नातिनी देब बहादुरकी छोरी बर्ष ४८ की पार्बती भुसाल ।
६. गेलु ३ रामेछाप बस्ने ललित बहादुरको नाति रुद्र बहादुरको छोरा बर्ष ५४ को बसन्त बाबु खडका ।
७. पिठुवा ८ चितवन बस्ने धर्मदत्तको नाति लाल प्रसादको छोरा बर्ष ३९ को बिबेक अर्याल ।


# पानोर्मा फार्मेसीलाई कारबाही गर्न कामपाको पत्राचार

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले 'पानोर्मा फार्मेसी' लाई कारबाही गर्न औषधि व्यवस्था विभागलाई पत्र पठाएको छ । कामपा स्वास्थ्य विभागले कामपा–३, महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पताल प्रांगणमा रहेको उक्त फार्मेसीको बारेमा गुनासो आएपछि अनुगमन गरी कारबाहीका लागि विभागलाई पत्राचार गरेको हो ।

विभागका निमित्त प्रमुख सजिना महर्जनका अनुसार कामपाको स्वास्थ्य विभागले केही दिनअघि उक्त फार्मेसीमा अनुगमन गरेको थियो । अनुगमन टोलीले अनुगमन गर्दा सञ्चालकले म्याद गुज्रेको औषधि बिक्री गरेको स्वीकार गरेका थिए । पसलमा म्याद सकिएका औषधि भेटिएको थियो ।

विभिन्न भ्याक्सिन र इन्सुलिन भण्डारण गरेर राख्ने डिप फ्रिजको तापक्रम १३ डिग्री सेन्टिग्रेट थियो । यसलाई २ देखि ८ डिग्री सेन्टिग्रेडका बीचमा कायम राख्नुपर्ने चिकित्सकहरूको भनाइ छ । यसरी राखिएका भ्याक्सिन र इन्सुलिन प्रयोग गर्ने उपभोक्तालाई नकारात्मक असर पर्न सक्ने भएपछि अनुगमनका दिन नै फार्मेसी बन्द गरिएको थियो । यो औषधि ऐन २०३५ तथा औषधि बिक्रीवितरण आचारसंहिता २०८० को दफा ३ विपरीतको अवस्था रहेको महर्जनको भनाइ छ ।

विभागका निमित्त प्रमुख महर्जनका अनुसार कारबाहीका लागि लेखेर पठाइएको यो पहिलो पत्र हो । औषधिमा मिसावट गर्न, म्याद नाघेका औषधि बेच्न, अरु सामानलाई औषधि भनेर बिक्री गरेमा कसैको ज्यानलाई खतरा पुग्ने सम्भावना भएमा जन्मकैद वा १० वर्षसम्म वा जरिवाना हुने छ । यस्तै शरीरको कुनै अंगको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा १० वर्षसम्म कैद र जरिवाना तथा अन्य अवस्थामा पाँच वर्ष कैद वा दुवै जरिवाना हुन सक्ने कानुनी व्यवस्था छ ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८१/०२/२० गते का.जि.क.म.न.पा-१४, कुलेश्वर, सानिमा बैंक स्थित पार्किङ स्थानमा पार्किङ गरिराखेको अवस्थामा बिहानको ११:०० बजेको समयमा 220 CC Pulsar मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

कम्पनीको नाम : हुलास फाईनान्स सर्भिस लि.
ऋणीको नाम : वालकृष्ण भलामी
बाइक नं.: बा .प्र.०२-०३९ प ७९३६
च्यासिस नं.: MD2A13EX1NCM85919
इन्जिन नं. : DKXCNM40096
ठेगाना: अर्घाखाची, मालारानीं
सम्पर्क: ९८४५९९५८४३

## मोटरसाइकल हरायो

मिति २०८१/०३/०२ गते अन्दाजी ५:३० बजे देखि ७:०० बजेको समयमा का.जि. टोखा न.पा. ०३ धनेश्वरबाट Chassis MD2A13EX5MCD87784, Engine No. DKXCMD07359, बा.प्र.०२-०२९प ९७६६ नं.को २२० सि.सि.को रातो कालो रंगको पल्सर मोटरसाइकल हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

सवारी धनी: **शुभराज थापा**
ठेगाना:जि.नुवाकोट शिवपुरी गा.पा.५
सम्पर्क: ९८५१३५१०७६

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/०५ गते)

जगन्नाथ जैसी डल्लाकोटी नाति/नातिनी, श्री कान्त डल्लाकोटी छोरा/छोरी माया डल्लाकोटी र त्यान कुमारी डल्लाकाटी पति/पत्नी धादिङ जिल्ला, वेनीघाट म./उप.म.न.पा./न.पा./गा.पा, वडा नं १० बस्ने प्रेम बहादुर डल्लाकोटीको मिति २०७५/१०/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको मलेखु शाखामा रहेको प्रेम बहादुर डल्लाकोटीको खाता नं. १६७००७०६९०२००००१ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको बुहारीले यस बैंकको मलेखु शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय मलेखु, धादिङमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय मलेखु, धादिङ फोन नं. ०१०४०००२१


## पृष्ठ १ बाट क्रमशः

### ८२५ शिक्षकलाई...

जसले गर्दा लाखौं शिक्षकमध्ये ८२५ जनालेमात्रै राजनीतिक दलको आबद्धता त्याग्नु उपलब्धिमूलक ठान्न नसकिने शिक्षाविद् विद्यानाथ कोइरालाले बताए । तर, यसलाई सकारात्मक रूपमा लिन भने सकिने बताएका छन् । 'जसरी शिक्षामन्त्रीले दलबाट शिक्षकहरूलाई अलग गर्ने भनेकी थिइन्, त्यो उनको एकल प्रयासले हुनेवाला थिएन र छैन पनि । यसमा त सर्वदलीय समझदारी आवश्यक हुन्छ,' उनले प्रभावसँग भने, 'तर, जति संख्यामा शिक्षकले दलसँगको आबद्धता त्यागे, त्यो नगन्य मात्रामा हो तर सकारात्मक चाहिँ छ ।'

दलीय आबद्धता भएका शिक्षकहरूलाई बर्खास्त गर्ने प्रक्रिया अघि बढाउनेसम्मको चेतावनी मन्त्री श्रेष्ठको थियो । त्यहीबेला शिक्षकहरूले कारबाही गरेर देखाउन मन्त्रीलाई चुनौती दिएका थिए । 'कसरी शिक्षकहरूलाई कारबाही गर्नुहुन्छ हामीले पनि हेर्न बाँकी छ,' शिक्षकहरू सम्बद्ध विभिन्न संगठनहरूको छाता संस्था नेपाल शिक्षक महासंघकी अध्यक्ष कमला तुलाधरले त्यसबेलै भनेकी थिइन् ।

नभन्दै एक जना शिक्षकलाई राजनीतिक दलमा आबद्ध भएकै आधारमा सेवाबाट मन्त्री श्रेष्ठले बर्खास्त गराइनन् । शिक्षक पद स्वेच्छिकरूपमा त्याग्ने र दलसँगको आबद्धता पनि स्वेच्छिकरूपमै त्याग्नेबाहेक केही भएन । यसलाई नै शिक्षामन्त्री श्रेष्ठले उपलब्धि ठानिन् । यससँगै पहुँचको आधारमा काजमा बसेका शिक्षकको काजमा बसेका ५४ जना शिक्षकको काज फिर्ता गरिएको बताएकी छन् । कूल २९९ जना शिक्षक काजमा रहेकामा ५९ जनासँग स्पष्टीकरण सोधिएको पनि उनले बताइन् । तर, बाँकीलाई के गरियो ? खुलाउन चाहिनन् ।

पत्रकार सम्मेलनमा उनले १०० दिनमा गरेका कामको विवरण र प्रगतिको चर्चा गरेकी थिइन् । विद्यालय, उच्च र प्राविधि शिक्षाको क्षेत्रमा मन्त्रालयबाट भए गरेका कामको विवरण प्रस्तुत पनि गरिन् । विद्यार्थीलाई परिचयपत्र उपलब्ध गराउने, पुस्तक पुनःप्रयोग प्रणाली विकास गरिने, करिअर काउन्सेलिङ कार्यक्रम सञ्चालनको थालनी भएको जानकारी दिइन् ।

कक्षा ९ देखि १२ सम्म र उच्च शिक्षाको क्यालेण्डरबाट शैक्षिक कार्यक्रम सञ्चालन गर्न थालिएको, चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन २०७४ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ सार्वजनिक गरिएको पनि बताइन् । त्यसलाई क्रमशः कार्यान्वयनमा लैजाने मन्त्री श्रेष्ठले प्रतिबद्धता छ । विश्वविद्यालयका उपकुलपतिलगायत मन्त्रालय मातहतका निकायका पदाधिकारी नियुक्ति मापण्डडका आधारमा गरिएको र त्यसलाई निरन्तरता दिने उल्लेख गरिन् ।

### संसदमै च्यातियो...

त्यस क्रममा कांग्रेस सांसद रामहरि खतिवडाले अन्य ठाउँको बजेट मन्त्री महासेठकै क्षेत्रमा हाल्न आग्रह गरे । 'उहाँलाई पुग्दैन भने रु ५ थप्ने प्रस्ताव ल्याएको छ । यो पनि उहाँकै क्षेत्रमा हालियोस्,' उनले पाँच रूपैयाँको नोट पोडियमै छाडे । अर्का कांग्रेस सांसद कान्छाराम तामाङले बजेट माग गर्दै आफूले दिएको निवेदन फिर्ता मात्र मागेनन्, लेटर प्याड छाप्दा लागेको खर्चसमेत फिर्ता मागे । कांग्रेसकै सांसद दिलेन्द्रप्रसाद बडुले दार्चुलाको खलंगा-तिंकर क्षेत्रको सडकमा बजेट नराखेको विरोधमा रोष्ट्रममै एक मिनेट मौनधारण गरे । एमालेका सांसद सूर्यबहादुर थापाले भालुवाङ-प्युठानको सडकमा बजेट नहालेको भन्दै स्वर्गद्वारी भ्रमणको निम्तो दिए ।

भौतिकमन्त्री महासेठले आगामी आर्थिक वर्ष २०८१/८२ मा भौतिक पूर्वाधारका धेरै आयोजना गृहजिल्ला धनुषामा केन्द्रित गरेका छन् । उनले नियमितरूपमा रातो किताबमा परेर जानेबाहेक करिब एक अर्ब ५० करोड रूपैयाँको बजेट धनुषा र आफ्नो चुनाव क्षेत्रमा केन्द्रित गरेका हुन् । वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमका दुई हजार ८२० आयोजनामध्ये ५५ भन्दा बढी धनुषामै राखेका छन् र ८५ करोडभन्दा बढी बजेट विनियोजन गरेका छन् ।

एक करोडका मात्रै ३४ आयोजना छन् । एक करोड ७१ लाख दरले १३ वटा आयोजनामा बजेट छ । एक करोड ६२ लाखका दरले पाँच वटा आयोजनाले पैसा पाएका छन् । स्थानीय सडक पुल कार्यक्रमका कूल ६५५ मध्ये ५६ वटा सडक पुलर पुलेसा धनुषामा निर्माण गर्न बजेट राखिएको छ । यसका लागि ३५ करोड आठ लाख रूपैयाँ बजेट विनियोजन भएको छ । रणनीतिक सडक पुल निर्माण तथा पुलेसा संरक्षण कार्यक्रमका २० वटा योजनामा लागि १८ करोड ६० लाख रूपैयाँ बजेट धनुषामै केन्द्रित गरेका छन् ।


## लेखापरिक्षकको नियुक्ती सम्वन्धी सूचना

प्रकाशित सुचना मिती २०८१।३।५ गते ।

माउन्ट कैलाश इनर्जी कम्पनी लिमिटेड को मिती २०८१।३।४ को संचालक समितीको बैठकको निर्णय बमोजिम वार्षिक साधारण सभा गर्ने प्रयोजनको लागि आ.व. २०७९/०८० को लेखापरिक्षण कार्य गर्नको लागि लेखापरिक्षक नियुक्ती गर्नु पर्ने भएकाले कम्पनी ऐन २०६३ को दफा ११३ बमोजिमको प्रकृया पुरा गरी वार्षिक साधारण सभा गर्ने तथा अन्य सरकारी तथा गैर सरकारी निकायमा लेखापरिक्षण वुझाउनु पर्ने भएकाले योग्यता पुगेका लेखापरिक्षक फर्महरुबाट पेशागत प्रमाणपत्र प्राप्त तथा इजाजत प्राप्त लेखापरिक्षकहरुले यो सुचना प्रकाशित भएको मितीले ७ (सात) दिन भित्र लेखापरिक्षण कार्य गरे वापत लाग्ने शुल्क सहितको शिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी तथा रित नपुगी आएका निवेदन दर्ता गरिने छैन ।

**लेखापरिक्षकको योग्यता**

(क) आइक्यानमा नविकरण भएको प्रमाणपत्रको प्रतिलीपी
(ख) फर्मको प्रमाणपत्रको प्रतिलीपी
(ग) फर्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलीपी
(घ) प्रस्ताव पेश गर्दा प्रा.लि. को ईमेल मार्फत पनि पेश गर्न सकिनेछ ।

संचालक समितीको आज्ञाले
माउन्ट कैलाश इनर्जी कम्पनी लिमिटेड
सानोभऱ्याङ्ग-१५, काठमाडौं, फोन नं. ०१-४३०२७०६

## नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०६८/१०/०२ मा दर्ता भएको प्रा.लि.नं. ९१९३९० को **के.डि.एस. केबल नेटवर्क प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सहायक रजिष्ट्रार

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Suhasha Link Pvt. Ltd.** (ई.प.नं.३३३/०५९/०६०) मा कार्यरत **Rasmila Parajuli (Citizenship number: 01-068-20881)** ले आफ्नो व्यक्तिगत काम विशेषका कारण हाल यस कार्यालयमा कार्यरत नरहेको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

License No. : 333/059/60
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

## सूचना सूचना सूचना

यस **सिम्रिक ओभर्सिज प्रा.लि.** इजाजत नं २२३/०५८/०५९ ले बैधानिक रूपमा नेपाल सरकारबाट मान्यता प्राप्त र मागपत्र प्रमाणीकरण भएर आएका देशहरूमा मात्र वैदेशिक रोजगारीको शिलशिलामा कामदार पठाउने गर्दछ । यस एजेन्सीले युरोप लगायत अन्य देशहरूमा व्यक्तिगत श्रम स्वीकृति निकाली कामदार पठाउने काम नगरेको र कहिल्यै पनि नगर्ने हुदा सेवाग्राही हरू सचेत हुन आग्रह गर्दछौ । यस अफिसको नाम लिई त्यस्ता गतिबिधि कोहि कसैले गरेको भए जानकारी दिनु हुन समेत यो सूचना मार्फत सुसुचित गराइन्छ ।

संचालक अध्यक्ष
रोशन कटुवाल
९८५१०५२४८२ (ह्वाट्सएप नम्बर)

Simrik Overseas Pvt. Ltd. श्रम इजाजत नं. २२३/०५८/०५९
Sinamangal-9, K.T.M Nepal, Tel: +977- 01-4475336, 01-4475337


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार ५ गते २०८१, बुधबार

**मेष** सहज ढंगले काम सक्ने प्रयास हुनेछ ।

**वृष** इच्छाएबमोजिम आफूलाई प्रस्तुत गरिनेछ ।

**मिथुन** शंकालु मनले आफैंलाई दुःख दिनेछ ।

**कर्कट** मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला ।

**सिंह** समयअनुसार काममा ध्यान दिइनेछ ।

**कन्या** कुनै आर्थिक काममा संलग्न हुनुपर्ला ।

**तुला** सातामा संघर्ष गरेपनि सफलता पाइएला ।

**वृश्चिक** कुनै कुराले मनलाई प्रसन्नता दिलाउनेछ ।

**धनु** विभिन्न कुनै कुराले व्यस्त भइनेछ ।

**मकर** महिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ ।

**कुम्भ** शरीरमा थकानको मात्रा बढ्न सक्छ ।

**मीन** कुनै कुरामा पनि नहतारिनु उपयुक्त रहनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ०५ गते, २०८१, १९ जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.४० | १३४.०० |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.०३ | १६९.७९ |
| स्विस फ्रेन्क | १ को | १४९.५२ | १५०.१९ |
| अस्ट्रेलियन डलर | १ को | ८८.०८ | ८८.४७ |
| क्यानाडियन डलर | १ को | ९७.०८ | ९७.५२ |
| सिँगापुर डलर | १ को | ९८.६१ | ९९.०६ |
| जापानी येन | १० को | ८.४६ | ८.५० |
| चिनियाँ युआन | १ को | १८.३८ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५५ | ३५.७१ |
| कतारी रियाल | १ को | ३६.५९ | ३६.७५ |
| थाई भाट | १ को | ३.६३ | ३.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३२ | ३६.४८ |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७० |
| स्विडिस क्रोनर | १ को | १२.६६ | १२.७२ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३४.८३ | ४३६.७८ |
| बहराइन दिनार | १ को | ३५३.९३ | ३५५.५२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट ध्धध|लचदब|चनचद|लउ मा उपलब्ध हुनेछ ।

# विपद्बाट नागरिक जोगाउने पूर्वतयारीबारेमा सरकारको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** प्रतिनिसभाको मंगलबारको बैठकमा सांसदहरूले मनसुनलगायतका विपद्बाट आमनागरिकलाई जोगाउनका लागि पूर्वतयारी, उद्धार तथा राहतको विशेष प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराए । बैठकको शून्य समयमा भाग लिने अधिकांश सांसदले मनसुन सुरु भएकाले पूर्वतयारीसँगै आवश्यक अन्य प्रबन्ध गर्नुपर्नेमा जोड दिए ।

सांसद देवेन्द्र पौडेलले केही वर्ष पहिले बागलुङको भुजीखोला क्षेत्रमा बाढीपहिरोका कारण प्रभावित भएका नागरिकले हालसम्म पनि राहत नपाएकामा सरकारको ध्यानाकर्षण गराए । सांसद बद्रीप्रसाद पाण्डेले यस वर्ष अधिकभन्दा बढी वर्षा हुने प्रक्षेपण आएकाले विपद्विरुद्ध जुध्न सरकारको तयारी कमजोर रहेको उल्लेख गरे ।

सांसद विनिता कठायतले देशभित्र मनसुन भित्रिइसकेको अवस्थामा कर्णाली प्रदेशका विकट क्षेत्रका जनधनको सुरक्षाका लागि सरकारको तर्फबाट के कस्तो तयारी भइरहेको छ ? भन्ने जिज्ञासा राखिन् । सांसद धवलशमशेर राणाले लक्ष्मणपुर बाँधका कारण बर्सेनि नागरिक प्रभावित भएको उल्लेख गर्दै वर्षायाममा बाँध खुलै राख्ने व्यवस्थाका लागि कूटनीतिक पहल गर्न माग गरे ।

सांसद डिगबहादुर लिम्बूले मोरङको लेटाङ क्षेत्रमा जग्गाको कित्ताकाट रोकिँदा स्थानीय समस्यामा परेको बताए । उनले सुकुम्बासीलाई तत्काल लालपुर्जाको प्रबन्ध गर्न पनि माग गरे । सांसद तारा लामा तामाङले कञ्चनपुरमा सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिँदा ज्येष्ठ नागरिकले दुःख पाएका उल्लेख गर्दै गृह मन्त्रालयको ध्यानाकर्षण गराए ।

सांसद तोसिमा कार्कीले असार लागेपछि कालोपत्रमाथि कालोपत्र थप्ने क्रम सहरी क्षेत्रमा बढे पनि डोटी, डडेलधुरालगायतका जिल्लाका विभिन्न आयोजना अलपत्र परेका विषयमा सरकारको ध्यानाकर्षण गराइन् । सांसद दीपकबहादुर सिंहले बजेट विनियोजन असमान रहेको गुनासो गरे । सांसद दीपा शर्माले संघीय संसद् सचिवालयका कर्मचारीको माग सम्बोधन गर्नुपर्ने बताइन् ।

सांसद दिलेन्द्रप्रसाद बडूले दार्चुला-टिंकर नाका खुला भएकामा सरकारलाई धन्यवाद दिँदै मानसरोवर पुग्नेहरूको सहजीकरणका लागि अध्यागमन कार्यालय स्थापनाको माग गरे । सांसद ध्रुवबहादुर प्रधानले अन्तर्राष्ट्रियस्तरमा क्रिकेट खेलाडीले देखाएको उत्कृष्ट प्रदर्शनप्रति प्रशंसा गरे ।

# भूकम्पपीडितलाई चाँडो राहत उपलब्ध गराउन माग

**काठमाडौं (प्रस)–** राष्ट्रिय सभा सदस्यहरूले जाजरकोट भूकम्पकपीडितलाई चाँडोभन्दा चँडो राहत उपलब्ध गराउन सरकारसँग माग गरेका छन् । राष्ट्रिय सभाको मंगलबारको बैठकको विशेष समयमा उनले छिटो राहत उपलब्ध गराउनुपर्नेमा जोड दिए ।

सांसद मायाप्रसाद शर्माले गत कात्तिकमा जारकोट केन्द्रबिन्दु भइ गएको भूकम्पका कारण भएको क्षतिको पीडितले हालसम्म राहत पाउन नसकेको भन्दै समयमा नै राहत उपलब्ध गराउनुपर्नेमा जोड दिए । 'भूकम्पपीडित रहेको स्थानमा खानेपानीको हाहाकार भएको, छ, अझै कतिपय स्थानमा पालमा बसेर विद्यालय सञ्चालन भइरहेको छ त्यहाँको दर्दनाक अवस्था समाधान समयमा नै गरियोस्,' उनले भने, 'पहिलो चरणको २५ हजार अस्थायी संरचना निर्माणका लागि रकम उपलब्ध भए पनि पीडितहरूले दोस्रो किस्ताको रकम पाउन सकिरहेका छैनन् ।'

भूकम्पपीडितका लागि विनियोजन गरिएको रकम अपुग रहेको उनको भनाइ थियो । भूकम्पपीडितको राहत वितरणसम्बन्धी स्पष्ट कार्यविधि बनाउन आवश्यक रहेकोमा शर्माले जोड दिएका छन् । भूकम्पका कारण जमिन मक्किएको भन्दै त्यस्ता स्थानमा मनसुनको समयमा पहिरोको जोखिममा रहेको भन्दै उनले समस्या समाधानका लागि पहल गर्नुपर्नेमा जोड दिएका छन् ।

सांसद कृष्णबहादुर रोकायले पनि जाजरकोट, रुकुमपश्चिम र सल्यानमा निजी निवास तथा अन्य सरकारी भवन, विद्यालय तथा स्वास्थ्य केन्द्र भत्किए पनि पुनर्निर्माणमा ढिलाइ भइरहेको बताए । भन्झटिलो सरकारी नीतिका कारण भूकम्पपीडितले सात महिनासम्म पनि दोस्रो किस्ता वापतको रकम नपाएको उनको भनाइ थियो । 'मनसुन सुरु भएको छ, यसवर्ष बढी वर्षा हुने र मनसुनजन्य घटना बढ्नसक्ने प्रक्षेपण गरिएको छ, भूकम्पपीडित अझै पहिरोको उच्च जोखिममा छन् ।' सयौं विद्यालयका अझै पालमै अध्ययन गरिरहनु परेको उनले गुनासो गरे ।

पुनर्निर्माणसम्बन्धी कार्यविधि र प्राविधिक जनशक्ति नहुँदा पुनर्निर्माणको काममा अझ ढिलाइ हुनसक्ने खतरा बढेको उनको भनाइ छ । 'कूल ८७ हजार २८० घर पुनर्निर्माण गर्नुपर्ने र ४३ अर्ब ६४ करोड रूपैयाँ बजेट आवश्यक पर्छ,' उनले भने, 'तर सरकारले पर्याप्त बजेट विनियोजन हुनसकेको छैन, पुनर्निर्माण कहिलेसम्म सरकारले गरिसक्नुपर्ने हो ?'


## विष्णुपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर, सप्तरी
मधेस प्रदेश, नेपाल

**गाउँपालिकाद्वारा गाउँबासीहरूलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना**



**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।



**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।




**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०३/०५)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | | धितोको विवरण |
|---|---|---|
| **१. अमरुदिन मिया चुडिहार र मोलीमा नेसा**<br>ठेगाना : का.म.न.पा. ०६, काठमाडौं<br>**क) अमरुदिन मिया चुडिहार**<br>(ना.प्र.नं. ३२३०४०/८३४, मिति २०६३/१२/३० मा जि.प्र.का. रौतहटबाट जारी भएको)<br>बाबु : इदरीस मिया चुडिहार<br>बाजे : उपदार मिया<br>**कर्जा शीर्षक : लघु आवधिक कर्जा** | **ख) मोलीमा नेसा**<br>(ना.प्र.नं. २७५२/३२-१-६९-५४४७, मिति २०६९/०७/२२ मा जि.प्र.का. रौतहटबाट जारी भएको)<br>पति : अमरुदिन मिया चुडिहार<br>ससुरा : उपदार मिया | मोलीमा नेसाको नाममा बारा जिल्ला मालपोत कार्यालय बारामा दर्ता कायम रहेको बारा जिल्ला, गोलागंज गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ५ (०-७-५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| **२. मित्रता फेसन कलेक्शन**<br>प्रा.फ.र.नं : १३६५८२/०७४/७५<br>ठेगाना : का.म.न.पा. ३२, काठमाडौं<br>**कर्जा शीर्षक : आवधिक कर्जा** | **१. मीना शर्मा**<br>(ना.प्र.नं. ८३६/३६७९/२३१, मिति २०५०/०७/२४ मा जि.प्र.का. सोलुखुम्बुबाट जारी भएको)<br>पति : नगेन्द्र प्रसाद शर्मा (कटेल)<br>ससुरा : नरपती कटेल | **२. नगेन्द्र प्रसाद शर्मा (कटेल)**<br>(ना.प्र.नं. ३८७/९५६/६६१, मिति २०४२/०५/०५ मा जि.प्र.का. सोलुखुम्बुबाट जारी भएको)<br>बाबु : नरपती कटेल<br>बाजे : प्रमानन्द कटेल |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| **३. स्टेला गार्मेन्ट प्रा.लि.**<br>दर्ता.नं : २१३०५८/०७५/०७६<br>ठेगाना : नागार्जुन न.पा. ०९, काठमाडौं<br>**कर्जा शीर्षक : आवधिक कर्जा** | **१. अनिता क्षेत्री देवकोटा**<br>(ना.प्र.नं. २१-०१-७२-००३७५, मिति २०७२/०२/०६ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>पति : मनोज कुमार वस्ती<br>ससुरा : श्याम बहादुर वस्ती | **२. मनोज कुमार वस्ती**<br>(ना.प्र.नं. २५१००१/०१५०, मिति २०६५/०८/१३ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको)<br>बाबु : श्याम बहादुर वस्ती<br>बाजे : डम्बर बहादुर वस्ती |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| **४. कालिका कुखुरा पालन फर्म**<br>प्रा.फ.र.नं : २६५७/०७५/०७६<br>ठेगाना : मन्थली न.पा. १३, रामेछाप<br>**कर्जा शीर्षक : लघु आवधिक कर्जा** | **१. प्रकाश चौहान**<br>(ना.प्र.नं. ६३६८६/२११०३४/३१६२, मिति २०६०/०८/१४ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>बाबु : केशर बहादुर चौहान<br>बाजे : दल बहादुर चौहान | **२. सरीता (खड्का) चौहान**<br>(ना.प्र.नं. २११०३४/८०८८, मिति २०६५/०२/१७ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>पति : प्रकाश चौहान<br>ससुरा : केशर बहादुर चौहान |
| **धितोको विवरण** | | |
| १. सरिता खड्का चौहानको नाममा रामेछाप जिल्ला मालपोत कार्यालय रामेछापमा दर्ता कायम रहेको रामेछाप जिल्ला, फुलासी गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ३८१ (१-८-०-० रोपनी) र कि.नं. ५६ (०-१२-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. प्रकाश चौहानको नाममा रामेछाप जिल्ला मालपोत कार्यालय रामेछापमा दर्ता कायम रहेको रामेछाप जिल्ला, फुलासी गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ३५२ (३-०-०-० रोपनी), कि.नं. ५५(२-९-३-३ रोपनी), कि.नं. ३२४ (०-०-१-३ रोपनी), कि.नं. ३२५(०-०-२-१ रोपनी) र कि.नं. ३२२(०-११-२-२ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | | |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | धितोको विवरण |
|---|---|---|
| **५. डल्ली माझी र पदम बहादुर माझी**<br>ठेगाना : मन्थली ०८, रामेछाप<br>**क) डल्ली माझी**<br>(ना.प्र.नं. २२, मिति २०६१/०३/११ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>पति : जित बहादुर माझी<br>ससुरा : जिरे माझी<br>**ख) पदम बहादर माझी**<br>(ना.प्र.नं. २११०३६/९१६६, मिति २०६५/११/१८ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>बाबु : जित बहादुर माझी<br>बाजे : जिरे माझी<br>**कर्जा शीर्षक : धितो कर्जा** | **बिन्द्रा माझी**<br>(ना.प्र.नं. २१३०५४-३३, मिति २०७०/०२/२२ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>पति : पदम बहादर माझी<br>ससुरा : जित बहादुर माझी | डल्ली माझी र पदम बहादुर माझी संयुक्तको नाममा रामेछाप जिल्ला मालपोत कार्यालय रामेछापमा दर्ता कायम रहेको रामेछाप जिल्ला, चिसापानी गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ७३ (१-६-१-० रोपनी), कि.नं. ७५(१-७-३-२ रोपनी) र कि.नं. १०१(१-७-३-२ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | **धितोको विवरण** |
| **६. सुन्दर घर्ति**<br>(ना.प्र.नं. ४६९९५, मिति २०५७/०५/०९ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>ठेगाना : मन्थली न.पा. १३, रामेछाप<br>बाबु : धन बहादुर घर्ति<br>बाजे : चन्द्र बहादुर घर्ति<br>**कर्जा शीर्षक : लघु आवधिक कर्जा** | **शान्ता भुजेल**<br>(ना.प्र.नं. २१ २११०३४/३०२०५, मिति २०६९/०१/२५ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>पति : सुन्दर घर्ति<br>ससुरा : धन बहादुर घर्ति | सुन्दर घर्तिको नाममा रामेछाप जिल्ला मालपोत कार्यालय रामेछापमा दर्ता कायम रहेको रामेछाप जिल्ला, फुलासी गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ६७(१-५-३-२ रोपनी), र कि.नं. ६६ (३-५-१-१ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| **७. अभिषेक इन्टरप्राइजेज एण्ड सप्लायर्स**<br>प्रा.फ.र.नं : ८२३/०६९/०७०<br>ठेगाना : मन्थली न.पा. ०१, रामेछाप<br>**कर्जा शीर्षक : विविध कर्जा** | **१. बासुदेव थापा**<br>(ना.प्र.नं. ९७/८१५, मिति २०४४/१०/१४ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : प्रेम बहादुर थापा<br>बाजे : भिम बहादुर थापा | **२. ओम बहादुर थापा**<br>(ना.प्र.नं. २२१०१४/३१२३, मिति २०६९/१०/०७ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : बासुदेव थापा<br>बाजे : प्रेम बहादुर थापा |
| | **३. दुर्गा उप्रेती**<br>(ना.प्र.नं. २२३००५/४०७, मिति २०६४/०९/२७ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>पति : सुजन थापा<br>ससुरा : बासुदेव थापा | **४. सुजन थापा**<br>(ना.प्र.नं. २२१०१४/७२७, मिति २०६४/०९/२७ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : बासुदेव थापा<br>बाजे : प्रेम बहादुर थापा |
| | **५. लिला माया थापा**<br>(ना.प्र.नं. ८१८, मिति २०४४/१०/१४ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>पति : बासुदेव थापा<br>ससुरा : प्रेम बहादुर थापा | |
| **धितोको विवरण** | | |
| बासुदेव थापाको नाममा दोलखा जिल्ला मालपोत कार्यालय दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, माटी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ४५४ (६८०.०० व.मि.) र कि.नं. ९७५(२७८४.००) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | | |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| **८. फिस ल्यान्ड कृषि फर्म**<br>उद्योग दर्ता नं. : १२२४६/०७७<br>ठेगाना : शिवराज न.पा. ०६, कपिलवस्तु<br>**कर्जा शीर्षक : विविध कर्जा** | **१. रमा बेलवासे (देवकोटा)**<br>(ना.प्र.नं. २१४११, मिति २०५५/११/०५ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको)<br>पति : हेम प्रसाद बेलबासे<br>ससुरा : डिला राम बेलवासे | **२. हेम प्रसाद बेलबासे**<br>(ना.प्र.नं. २९६२/२४३६, मिति २०४३/०३/१८ मा जि.प्र.का. अर्घाखाँचीबाट जारी भएको)<br>बाबु : डिला राम बेलवासे<br>बाजे : शिव प्रसाद बेलवासे |
| **ऋणीको विवरण** | **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| **९. जीवन खड्का र निर्मला कार्की (खड्का)**<br>ठेगाना : का.म.न.पा. ०९, काठमाडौं<br>**क) जीवन खड्का**<br>(ना.प्र.नं. ११८२५२, मिति २०६०/०२/२७ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>बाबु : भरत कुमार खड्का<br>बाजे : लक्ष्मण खड्का<br>**ख) निर्मला कार्की (खड्का)**<br>(ना.प्र.नं. ३० सि.पा. १२०९१८, मिति २०६०/०८/११ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको)<br>पति : जीवन खड्का<br>ससुरा : भरत कुमार खड्का<br>**कर्जा शीर्षक : सवारी साधन खरिद कर्जा** | यस बैंकको नाममा दर्ता रहेका तपसिल बमोजिमको सवारी साधन :<br>कम्पनीको नाम : Maruti Suzuki<br>सवारीको मोडेल : Swift ZXI<br>निर्माण वर्ष : २०१४<br>च्यासिस नं. : MA3EHKD1500745222<br>ईन्जिन नं. : K12MT1466712<br>सवारी दर्ता नं. : बा १२ च ४२९२ | |

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## विकास खर्चमा सधैं 'अ'सक्षम

**सरकारले प्रत्येक वर्ष पुँजीगत खर्च बढाउने उद्घोष गर्छ । तर, व्यवहारमा कहिल्यै लागू गर्दैन । चालुतर्फको बजेट लगभग सतप्रतिशत खर्च हुँदा पुँजीगत खर्च ७० प्रतिशत पुग्न पनि मुस्किल हुन्छ । पुँजीगत खर्च भनेको विकास निर्माणका योजनाहरू अर्थात् भौतिक पूर्वाधार निर्माणमा हुने खर्च हो । यस्ता आयोजनाबाट गरिने खर्चले देशमा पुँजी निर्माणको काम गर्ने गर्दछ । तर, यसमा सरकारको प्राथमिकता नपुगेको प्रत्येक वर्ष देखिन्छ । सरकारले बजेटमै पुँजीगत खर्च चालुको तुलनामा निकै कममात्र विनियोजन गर्छ । न्यून विनियोजन भएको रकमसमेत खर्च गर्न सक्दैन । वर्षौंदेखिको यो रोगबाट मुलुकले मुक्ति पाउन सकेको छैन ।**

**चालु आर्थिक वर्ष २०८०/८१ को ११ महिना अवधिमा सरकारको विकास खर्च करिब ४५ प्रतिशतमात्रै पुगेको छ । यही अवधिमा सरकारले चालुतर्फ वार्षिक लक्ष्यको ७२.६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ७२.७ प्रतिशत बराबर बजेट खर्च गरेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । चालु आवका लागि सरकारले कूल १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रूपैयाँबराबरको बजेट ल्याएको थियो । सोमध्ये चालु शीर्षकमा ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख रूपैयाँबराबर विनियोजन भएकामा जेठ मसान्तसम्ममा आठ खर्ब २२ अर्ब ८० करोड ९३ लाख रूपैयाँबराबर खर्च भएको छ ।**

**पुँजीगत शीर्षकमा सरकारले तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख रूपैयाँबराबरको बजेट विनियोजन गरेकामा जेठ मसान्तसम्ममा एक खर्ब ३४ अर्ब ९७ करोड ९२ लाख रूपैयाँबराबर मात्रै खर्च भएको छ । पुँजीगत शीर्षकमा हालसम्म खर्च भएको यो रकम सुरुआती लक्ष्यको ४४.६८ प्रतिशत बराबर मात्रै हो । वित्तीय व्यवस्था शीर्षकमा चालु आर्थिक वर्षका लागि तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख रूपैयाँ बराबर विनियोजन भएकामा ७२.७ प्रतिशत अर्थात् दुई खर्ब २३ अर्ब ५० करोड ८८ लाख रूपैयाँबराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकको बजेट सरकारी ऋणको साँवाब्याज तिर्नमा खर्च हुने गरेको छ ।**

**मुलुकको अर्थतन्त्रमा सुधार हुन नसक्नुमा सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्र कमजोर रहेको भन्दै आलोचना भइरहँदा पुँजीगत खर्चको अवस्था कमजोर देखिनु, चालु र वित्तीय व्यवस्था शीर्षकको खर्च बढ्दै जानु, लक्ष्यअनुसार राजस्व संकलन हुन नसक्नु तथा वैदेशिक अनुदान उठाउन नसक्नु प्रमुख समस्याका रूपमा देखिएका छन् । यो समस्या समाधानमा सरकारको ध्यान जाओस् । सुधार नारा र भाषणमा होइन, व्यवहारमा देखाऊ ।**

### मननयोग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

क्रमश:

# स्थानीय तहका प्राथमिकताका क्षेत्र



■ नेत्र सुवेदी 'प्रयास'

> सुशासन आफैंमा विकास होइन तर विकास तथा उन्नतिका लागि अति आवश्यक वातावरण, कार्यशैली र व्यवहारसँग समेत सम्बन्धित छ । राज्य संयन्त्रहरूमा पारदर्शिता, जवाफदेहिता एवं नैतिकताको प्रवर्द्धनका साथै विधिको पालना र सहभागिताको वातावरणसमेत उत्तिकै आवश्यक छ । सबै नागरिकले आफ्नो कुरा राख्न पाउनुपर्दछ । कार्यालयका कामकारबाही सूचनामैत्री र नागरिकमैत्री हुनैपर्दछ । राजनीतिक दलहरु, संघसंस्था र निजी क्षेत्रमासमेत सुशासन आवश्यक छ ।

असारको पहिलो हप्ता भएको हुँदा यतिबेला सबैजसो स्थानीय तहहरू नीति तथा कार्यक्रम र बजेट तयारीका क्रममा व्यस्त छन् । आ-आफ्नो तहमा रहेका सवालहरू र क्षमता समेतका आधारमा स्थानीय तहहरूले आर्थिक रूपान्तरण, सेवा प्रवाह र सामाजिक सद्भावमा सकारात्मक रूपान्तरणका लागि तल उल्लेख गरिएका केही सुझावलाई अभ्यासमा ल्याउन सक्छन् । यसले पूर्वाधार विकास र जनताको जीवनशैलीमा सुधार ल्याउन सहयोग पुग्ने छ ।

### विषयगत विवरण र तथ्यांक प्रणाली:

सम्झौता अनुसार फाउन्डेसनले एरिकालाई खेल पोसाक र खेल सामाग्री उपलब्ध गराउने, प्रशिक्षण/प्रतियोगिता दौरान घाइते भएमा उपचारको व्यवस्था मिलाउने, प्रोत्साहन स्वरूप मासिक १५ हजार नगद प्रदान गर्ने, उत्कृष्ट प्रदर्शनका लागि छुट्टै विशेष पुरस्कारको व्यवस्था गर्नेलगायत छन् । फाउन्डेसनको यो कार्यमा निलम गहना, पम्प फर जिम, इन्फिनिटी एक्टिभ वेयर र गोल्डस्टार सुजले सहयोग गरेको फाउन्डेसनका सदस्य जगतमान श्रेष्ठले जनाएका छन् ।

प्राविधिक विज्ञको सुझाव अनुसार एरिकालाई छनोट गरिएको फाउन्डेसनले जनाएको छ । यसअघि फाउन्डेसनले बक्सिङकी सुष्मा तामाङ र उसुकी निमा घर्ती मगरलाई प्रायोजन गरेको थियो । सम्झौतापछि एरिकाले नेपाली खेलकुदमा शिरिष नाम नै नयाँ खेलाडीका लागि प्रेरणाको श्रोत भएको बताउँदै फाउन्डेसनसँग जोडिन पाउँदा खुसी लागेको बताइन् ।

# नवलपुरको लगातार दोस्रो जित

**पोखरा (प्रस)–** गण्डकी प्रदेशस्तरीय पुरुष टी-२० क्रिकेट समूह 'बी'को खेल रोचक मोडमा पुगेको छ। समूह 'बी'को भोली (बुधबार) स्याङ्जा र नवलपुरकाबीच हुने खेल रोचक मोडमा पुगेको हो। पोखरा रंगशालास्थित क्रिकेट खेल मैदानमा जारी मंगलबारको पहिलो खेल भारी वर्षाका कारण रद्ध भएसँगै बलियो मानिएको स्याङजाले पर्वतसँग अंक बाँडन बाध्य भएको छ भने दोस्रो खेलमा नवलपुरले गोरखाविरुद्ध १२५ रनले जित निकालेको छ ।

नवलपुरले लगातार दुबै खेल जित्दै चार अंकका साथ समुहमा पहिलो स्थान बनाएको छ भने स्याङजा एक जित र एक खेलमा बराबरी गरी ३ अंकका साथ दोस्रो स्थानमा छ । अंक तालिकामा पर्वतले एक अंक जोडेको छ भने गोरखा अंकविहिन छ । बुधबारको खेलले नै घरेलु टोली कास्कीसँग उपाधि भिडन्तमा को पुग्ने भन्ने टुङ्गो लाग्ने भएसँगै भोली हुने खेल रोचक हुने छ । समुह 'बी'को पहिलो खेल नवलपुर र स्याङजा फाइनलमा पुग्न प्रतिस्पर्धा गर्नेछन् भने पर्वत र गोरखा प्रतिष्ठाको लागि खेल्नेछन् ।

दुई ओभर घटाइएको मंगलबारको खेलमा टस जितेर ब्याटिङ गरेको नवलपुरले गोरखा विरुद्ध ६ विकेट गुमाउँदै १८ ओभरमा १७८ रन बनायो । जसमा ओपनर प्रमिश अर्यालले विस्फोटक पारीको सुरुवात गर्दै ६० बलमा १० चौका र ३ छक्का प्रहार गर्दै ८० रन बनाए भने सुदिप अर्यालले १५ बलमा ३ छक्का प्रहार गर्दै २७ रनको व्यक्तिगत योगदान दिए ।


## तिरहुत गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
गोइठी, सप्तरी
मधेस प्रदेश, नेपाल

**गाउँपालिकाद्वारा गाउँबासीहरूलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना**



**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।

# ‘एक वर्षमा द्वन्द्वमा मारिएका बालबालिकाको संख्या तीन गुणाले बढ्यो’



**जेनेभा–** सन् २०२३ मा विश्वव्यापी द्वन्द्वले अघिल्लो वर्षको तुलनामा तीन गुणाभन्दा बढी बालबालिका र दुई गुणाभन्दा धेरै महिलाको ज्यान लिनुका साथै समग्रमा ७२ प्रतिशत बढी नागरिक मृत्यु भएको संयुक्त राष्ट्रसंघले मंगलबार जनाएको छ ।

संयुक्त राष्ट्रसंघका अधिकार प्रमुख भोल्कर टर्कले जेनेभामा राष्ट्रसंघको मानवअधिकार परिषद्मा युद्धरत दलहरूले बढ्दो रूपमा स्वीकार्य र कानुनी सीमाहरूभन्दा बाहिर धकेलिरहेको बताए । उनीहरूले एक अर्काप्रति पूर्ण तिरस्कार देखाउँदै मानवअधिकारलाई कुल्चिरहेको बताउँदै उनले नागरिकको हत्या, घाइते र पूर्वाधारको विनास हुनु दैनिक घटना भएको जनाए ।

उनका अनुसार बालबालिकालाई गोली हानियो, अस्पतालमा बम प्रहार गरियो, समुदायमा भारी तोपखाना सुरु गर्नुका साथै घृणित, विभाजनकारी र अमानवीय कार्य गरिए । संयुक्त राष्ट्रसंघका अधिकार प्रमुखले आफ्नो कार्यालयले गत वर्ष सशस्त्र द्वन्द्वमा नागरिक मृत्युको संख्या ७२ प्रतिशतले बढेको जनाउने तथ्यांक संकलन गरेको बताए ।

भयावह स्वरूपको तथ्यांकले सन् २०२४ मा मारिने महिलाको अनुपात अघिल्लो वर्षको तुलनामा दोब्बर र बालबालिकाको अनुपात तीन गुणा भएको संकेत गर्ने उनले बताए । गाजा पट्टीमा, तुर्कले ‘द्वन्द्वका पक्षद्वारा अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको अवहेलना’ र ‘असहनीय मृत्यु र पीडा’ बाट स्तब्ध भएको बताए ।

अक्टोबर ७ मा इजरायलमा हमासको अभूतपूर्व आक्रमणपछि युद्धमा ‘गाजामा एक हजार २०० भन्दा बढी मानिस, मारिए भने कयौं घाइते भए । इजरायलले मे महिनाको सुरुमा रफाहमा आफ्नो कारबाही बढाएपछि, लगभग १० लाख प्यालेस्टिनी फेरि जबरजस्ती विस्थापित भएका छन् । कोष घटाउँदै- तुर्कले युक्रेन, कंगो लोकतान्त्रिक गणतन्त्र र सिरियासहित अन्य द्वन्द्वको दायरालाई पनि औंल्याए ।

उनले सुडानमा, एक वर्षभन्दा लामो गृहयुद्धको चपेटामा लडाकु दल र सम्बद्ध समूहद्वारा नष्ट भइरहेको, जसले आफ्नै जनताको अधिकारलाई कुल्चिएको बताए । यस्तो विनास खाँचोमा परेका मानिसको बढ्दो संख्यालाई सहयोग गर्न कोष घट्दै गइरहेको अवस्थामा आउने उल्लेख गरे ।

सन् २९२४ मे को अन्त्यसम्म, मानवीय कोष आवश्यकता र उपलब्ध स्रोतबीचको अन्तर ४०.८ अर्ब डलर रहेको टर्कले जानकारी दिए । उनका अनुसार अपिल औसत १६.१ प्रतिशतमा मात्र वित्त पोषित छन । यसको तुलना सन् २०२३ मा विश्वव्यापी सैन्य खर्चमा लगभग २.५ ट्रिलियन डलरसँग भएकोमा २०२२ बाट वास्तविक सर्तमा ६.८ प्रतिशतले वृद्धि भएको उल्लेख गर्दै टर्कले या २००९ पछि सबैभन्दा तीव्र वार्षिक वृद्धि भएको उल्लेख गरे । युद्धले असहनीय मानवीय पीडा दिनुका साथै ठूलो मूल्य चुकाउने उनले चेतावनी दिएका छन् । *रासस/एएफपी*

# उत्तरी इरानको अस्पतालमा आगलागी हुँदा नौ जनाको मृत्यु

**तेहरान–** इरानको उत्तरी सहर राश्तको अस्पतालमा आगलागी हुँदा मंगलबार नौ जनाको मृत्यु भएको सरकारी मिडियाले जनाएको छ । घेम अस्पतालमा सोमबार १:३० बजे भएको आगलागी नियन्त्रणमा लिनुका साथै अनुसन्धानकर्ताले घटनाको अनुसन्धान गरिरहेको राज्य प्रसारणकर्ता आइआरआइबीले बताएको छ ।

‘दुर्भाग्यवश, यो आगलागीमा नौ जनाको ज्यान गएको छ । ज्यान गुमाउनेहरू अधिकांशलाई सघन उपचार कक्षमा भर्ना गरिएको थियो,’ राश्तको गिलान युनिभर्सिटी अफ मेडिकल साइन्सेजका अध्यक्ष मोहम्मद तागी असोबीले भने । *रासस/एएफपी*

# दक्षिणी रूसको तेल ट्यांकी भण्डारमा ड्रोन आक्रमण

**मस्को–** दक्षिणी रुसको अजोभ सहर नजिकै मंगलबार राति तेल भण्डारण टचांकीहरूमा ड्रोन आक्रमणमा हुँदा ठूलो आगलागी भएको स्थानीय अधिकारीहरूले बताएका छन् । युक्रेनले उक्त आक्रमण नगरेको बताए पनि उसले विगतमा पनि रूसी ऊर्जा सुविधाहरूमा आक्रमणहरू गर्दै आएको छ ।

‘ड्रोन आक्रमणको परिणामस्वरूप अजोभमा तेल उत्पादन टचांकीहरूमा आगलागी भएर नष्ट भएका छन् । प्रारम्भिक तथ्यांकअनुसार कुनै हताहत भएको छैन,’ स्थानीय रोस्तोभ क्षेत्रका गभर्नर भासिली गोलुबेभले टेलिग्राममार्फत बताए । आपत्कालीन मन्त्रालयले प्रकाशित गरेको भिडियोमा तेल भण्डारण टचांकीहरू राखिएको स्थानबाट बाक्लो धुवाँ र आगोको मुस्लो निस्किएको देखाइएको छ ।

आक्रमणमा कति ड्रोनहरू संलग्न थिए भन्ने जानकारीमा आएको छैन । कम्तीमा ३२०० वर्ग मिटर क्षेत्रफलमा फैलिएको आगलागी नियन्त्रण गर्न करिब २०० जना आगो नियन्त्रक र आपत्कालीन कर्मचारीहरू तैनाथ गरिएको आपत्कालीन मन्त्रालयले जनाएको छ । *रासस/एएफपी*


## ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT !!!
## शुन्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: SATOSHI HEALTH INSTITUTE & SALON FOR MEN CO.
कम्पनी : सतोसी हेल्थ इन्सिटिट्युट एण्ड सलुन फर मेन को.

Pre Approval Date : 2024-06-16 | LT. No. 306527 | चलानी नं. ६०२२१३८६
पूर्व स्वीकृति मिति : २०८१/०३/०२ | एल टि न. ३०६५२७ | Invoice No. 60221386

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massage Therapists | 4 | 0 | 180 | ७८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

The interview will be conducted in the office on 26th June, 2024.
अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १२ गते हुनेछ ।

नोटः आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रु.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SELECTED FLAVORS RESTAURANT FOR SERVING MEALS
पूर्व स्वीकृति मिति : २०८१/०३/०२ | LT. No. 306467 | चलानी नं.: ६०२२१३९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1400 | ४९,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १२ गते (26th June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले — सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAMST BANATI LADIES BEAUTY SALOON COMPANY
पूर्व स्वीकृति मिति २०८१/०३/०४ | LT. No. 306630 | चलानी नं.६०२२१४०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Style Cut | 0 | 3 | 150 | ६५,२१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Makeup | 0 | 3 | 150 | ६५,२१० | | | | | | | |
| 3 | Manicure Pedicure | 0 | 4 | 150 | ६५,२१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १२ गते (26th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BON MANPOWER PVT.LTD.
श्रम ईजाजत नं. 1514/074/075
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851,
Mobile Number-9803960700, 9843361254, 9817554171 Email: bonmanpower1@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHARIQ INDUSTRIAL TRADING & CONTRACTING COMPANY LIMITED
पूर्व स्वीकृति मिति २०८०/११/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०४ | LT. No. :300238 | चलानी नं. ६०२१५०८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १२ गते (26th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABI ENERTECH COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०२/११ | LT. No. 305290 | चलानी नं. ६०२२१३९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Labour | 50 | 0 | 100 | ४३,४७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Rigger | 100 | 0 | 130 | ५६,५१५ | | | | | | | |
| 3 | Rigging Supervisor | 30 | 0 | 295 | १२८,२४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १२ गते (26th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591
Govt. License 938/067/068



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAKHRO RESTAURANTS CO. WLL ( MC Donald's Bahrain)
पूर्व स्वीकृति मिति २०८१/०३/०२ | LT. No.306597 | चलानी नं. ६०२२१३८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew | 100 | 50 | 120 | ४२,४५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Team Leaders | 50 | 0 | 150 | ५३,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १२ गते (26th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Amal Overseas Pvt. Ltd.
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com, Website : alamaloverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAYAR FACILITIES MANAGEMENT LLC
पूर्व स्वीकृति मिति २०८०/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०४ | LT. No. 291927 | चलानी नं. ६०२०७१३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 0 | 900 | ३२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

पुर्न अन्तरवार्ता हुने स्थानः युनिभर्सल टेक्निकल इन्सिटिट्युट सेन्टर प्रा.लि., महाराजजगञ्ज, काठमाडौंमा मितिः २०८१ असार १२/१३/१४ गते (26/27/28 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL GATE WAY OVERSEAS PVT.LTD.
Govt. License 759/064/065
Basundhara, Kathmandu, Nepal, Tel.- +977-1-4360924, 4360853, Fax: 4361050



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GHAZAL ALI AL-TAWEEL SPINNING TRADING EST
पूर्व स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 306660 | चलानी नं. ६०२२१३९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 1 | 0 | 1800 | ६३,९६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Meal Maker for a Food Cart | 1 | 0 | 1800 | ६३,९६० | | | | | | | |

कम्पनी : ADVANCED CLEANING COMPANY FOR UPHOLSTERY WASHING
पूर्व स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 306661 | चलानी नं. ६०२२१३९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mobile Vehicle Washing worker | 2 | 0 | 1500 | ५३,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १२ गते (26th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४२२०० | प्रति तोला - १४१५०० | प्रति तोला - १८१५ |

## बूढीगण्डकी प्रभावितको समस्या सम्बोधन ध्यानाकर्षण



■ प्रभाव संवाददाता

**काठमाडौं–** गोरखा र धादिङबाट निर्वाचित सांसदहरूले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर बूढीगण्डकी जलविद्युत आयोजनाबाट प्रभावितको माग र आवश्यक सम्बोधनका लागि ध्यानाकर्षण गराएका छन्। उनीहरूले बूढीगण्डकी निर्माणको सुनिश्चिता र प्रभावितको माग सम्बोधन हुनुपर्ने बताएका छन्।

प्रधानमन्त्री कार्यालय सिंहदरवारमा भएको भेटमा काँग्रेस सांसद राजेन्द्र बजगाई, कमल पन्त,रामनाथ अधिकारी, राप्रपाका बुद्धिमान तामाङ, बिना तामाङसहित सहभागी थिए । जलाशययुक्त आयोजनाको डुबान प्रभावितहरूको पुनर्वास, सड र सन्चारलगायत संरचना निर्माणमा राज्यको उदासीनताबारे ध्यानाकर्षण गराइएको काँग्रेस सांसद बजगाईंले बताए ।

प्रधानमन्त्री पनि गोरखा जिल्लाबाटै निर्वाचित जनप्रतिनिधि भएकाले यो समस्याको यथोचित सम्बोधन हुने विश्वास गरिएको उनले बताए।१२ सय मेगावाटको बूढीगण्डकी जलाशययुक्त आयोजनाको मुअब्जालगायतका विवाद समेत अझै बाँकी रहँदा यो आयोजना नै अन्यौलता छ। अहिलेसम्म प्रभावितलाई ४३ अर्ब मुआब्जा बाँडी सकिएको छ । तर स्थानीयका माग भने सबै सम्बोधन नभएपछि सांसदहरूले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका हुन् । गोरखा र धादिङको सीमा क्षेत्रमा रहेको बूढीगण्डकी जलविद्युत् आयोजनाका कारण धादिङका १३ र गोरखाका १४ गरी साविक २७ गाविसका बासिन्दा प्रभावित हुनेछन्।

आयोजनाले ३ हजार ५ सय ६० परिवार पूर्णरूपमा विस्थापित हुनेछन् । बूढी गण्डकीको बाँधको उचाइ २६३ मिटर हुनेछ। गोरखाको गण्डकी गाउँपालिकादेखि आरुघाट गाउँपालिकासम्म डुबानमा पर्ने २ हजार ५ सय ६६ हेक्टर खेतीयोग्य जमिनमा ६३ वर्ग किलोमिटर फराकिलो जलाशय बन्नेछ। आयोजनाका कारण विस्थापित हुनेलाई पुनर्वासका लागि गोरखा र धादिङका विभिन्न क्षेत्रमा जग्गा रोक्का पनि भएको छ । तर पुनर्वास तथा पुनः स्थापनाको प्रक्रिया भने अघि बढ्न नसकेको सांसद बजगाईंले बताए । मुआब्जा वितरणलगायतको काम सम्पन्न गरेर आयोजना निर्माणको चरणमा लैजानुपर्ने प्रभावित क्षेत्रका बासिन्दाको माग छ ।

## नेप्सेमा दोहोरो अंकको गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा १८ दशमलव ७६ अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक शून्य दशमलव ८९ प्रतिशतले घटेर दुई हजार ७६ दशमलव ४९ को बिन्दुमा कायम भएको हो ।

परिसूचक सँगै कारोबार रकम पनि खुम्चिएको छ । मंगलबार तीन सय १८ कम्पनीका ९५ लाख ४४ हजार सात सय ३४ कित्ता शेयर ५८ हजार एक सय १९ पटक खरिदबिक्री हुँदा रु चार अर्ब पाँच करोड ५७ लाख ३७ हजार आठ सय ८४ बराबरको कारोबार भएको छ। कारोबारमा सबै समूहको उपसूचक रातो देखिएको छ । बैंकिङ एक दशमलव १६, विकास बैंक शून्य दशमलव ८७, वित्त एक दशमलव शुन्य चार, होटल तथा पर्यटन शून्य दशमलव ७२, जलविद्युत् शून्य दशमलव ८७ र लगानी समूहको उपसूचक शून्य दशमलव ८२ प्रतिशतले घटेको छ।

त्यस्तै जीवन बीमा समूह शून्य दशमलव ९८, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ५२, लघुवित्त शून्य दशमलव ६४ र म्युचुअल फन्ड शून्य दशमलव ७२ प्रतिशतले घटेको छ । निर्जीवन बीमा शून्य दशमलव ८३, व्यापार शून्य दशमलव ६३ र अन्य समूह शून्य दशमलव ७७ प्रतिशतले घटेको छ । समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड र कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

आइडिए-२१ बैठक

## औद्योगिक क्रान्तिमा पछाडि परेका देशका चुनौती सम्बोधन गर्न आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वव्यापी शान्ति र साझा समृद्धि सुनिश्चित गर्नका लागि औद्योगिक क्रान्तिका समयमा पछाडि परेका देशका विकासमा देखिएका चुनौतीलाई सम्बोधन गर्न आग्रह गरेका छन् । काठमाडौंमा मंगलबारदेखि सुरु भएको विश्व बैंकअन्तर्गतको अन्तर ाष्ट्रिय विकास संघ (आइडिए)को परिपूरण बैठक (आइडिए-२१) बैठकको उद्घाटन गर्दै उनले विकासमा चुनौती खेपिरहेका देशहरूलाई सहुलियतपूर्ण वित्तीय सहयोग गरेर विकासको गतिमा अघि बढाउनु पर्दछ भने ।

'स्रोत, प्रविधि र लगानीको न्यायसंगत पहुँच प्रदान गरेर विकासको गतिमा चुनौतीहरू सामना गरिरहेका देशहरूलाई सहयोग गर्नुपर्छ, विद्यमान असमानताहरू सम्बोधन गर्नुपर्छ, अनिमात्र समावेशी आर्थिक अवस्थाको प्रवर्द्धन गर्न सकिन्छ', प्रधानमन्त्री दाहालले भने, 'ती राष्ट्रहरूलाई माथि उठाउनेमात्र नभई विश्वव्यापी स्थिरता र आर्थिक सहनशीलतामा योगदान पुऱ्याउनका लागि पनि ती देशहरूको दिगो विकासका पहलहरूलाई समर्थन गर्नुपर्छ, सहयोग गर्नुपर्छ ।'

समावेशी आर्थिक विकासका लागि गरिएका एकीकृत प्रयास गर्दागर्दै पनि राजस्वका सीमा, व्यापारघाटा एवं बढ्दो ऋणको दायित्वहरूको सामना गर्नुपर्ने बाध्यता रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले दिगो विकासका लक्ष्य (एसडिजी), राष्ट्रिय रूपमा निर्धारण गरिएका लक्ष्य (एनडिसी) र दिगो पूर्वाधार विकासमा वित्तीय स्रोत अपुग रहेको बताए । उनले अतिरिक्त रोजगारका अवसरहरू सिर्जना गर्न, आर्थिक गतिविधि तीव्र रूपमा अगाडि बढाएर अतिकमविकसित मुलुकबाट स्तरोन्नति हुनका पनि सहुलियतपूर्ण सहायता आवश्यक रहेको उल्लेख गरे ।

'मानव पुँजी, स्वास्थ्य र शिक्षाको गुणस्तरमा विकासमा वित्तीय स्रोत परिचालन गर्नुपर्नेछ । त्यसैगरी गुणस्तरीय पूर्वाधार एवं जनताको जीवनस्तर परिवर्तन गर्नु नै हाम्रो प्राथमिकता हो', प्रधानमन्त्री दाहालले भने, 'डिजिटलाइजेसन, उत्पादनमूलक क्षेत्रमा लगानी, उद्यमशीलताको प्रवर्द्धन, सीप विकासलाई जोड दिँदै रोजगारी सिर्जना गर्ने र समावेशिता प्रवर्द्धनलाई हामीले जोड दिँदै आएका छौं। जलवायु परिवर्तनले समस्या न्यूनीकरण, कमजोर र साना अर्थतन्त्र भएका मुलुकलाई सहयोग गर्ने खाद्य सुरक्षा सुनिश्चित गर्ने विषयलाई प्राथमिकता राख्नुपर्ने प्रधानमन्त्री दाहालले बताए ।

आइडिए-२१ बैठकले आगामी तीन वर्षका लागि नीतिगत प्राथमिकताहरू र परिणामको खाकामा दाताहरू र ऋणीहरूबीच बलियो सहमति निर्माण गर्न सफल हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले विद्यमान समयमा देखापरेका अभूतपूर्व सङ्कटहरूलाई सम्बोधन गर्न उच्चस्तर प्रतिज्ञा गर्न सफल हुनेमा आफू विश्वस्त रहेको बताए। उनले भने, 'नेपालसहित आइडिए प्राप्तकर्ता देशहरू यसको बृहत् प्रभाव देख्न चाहन्छ र हामी यी स्रोतहरूको महत्त्वपूर्ण क्षमतामा महसुस गर्न चाहन्छौं ।'

प्रधानमन्त्री दाहालले जलवायु परिवर्तनका प्रभावहरूले संवेदनशीलतालाई अझ बढाएको उल्लेख गर्दै कठिनाइपूर्वक प्राप्त भएका विकासका लाभहरू उल्टिने जोखिम रहेको बताएका छन् । नेपालजस्ता अल्पविकसित देशहरूका लागि सहुलियतपूर्ण वित्तीय सहायता महत्वपूर्ण भएको उल्लेख गर्दै उनले भने, 'हामी धेरै सङ्कटहरूमा संवेदनशील छौं र हामीले कठिनाइपूर्वक प्राप्त गरेका विकास लाभहरू उल्टिने जोखिम छ ।' प्रधानमन्त्रीले विश्वव्यापी उत्सर्जनमा नगन्य योगदान दिँदा पनि नेपाल जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूबाट असमान रूपमा प्रभावित भएको बताए। 'हाम्रो नियन्त्रण बाहिरका परिस्थितिका कारण भएको क्षति र हानीको क्षतिपूर्ति पाउनका लागि हामीले जलवायु न्यायको पक्षमा वकालत गरिरहेका छौं', प्रधानमन्त्री दाहालले भने। उनले विनाशकारी भूकम्प, विपद्, विश्वव्यापी महामारी र विश्वव्यापी आर्थिक चुनौतीजस्ता कारण नेपालको आर्थिक विकास र समृद्धिमा चुनौती थपिएको बताए ।

राजनीतिक स्थिरतापछि यहाँका पर्याप्त सम्भावनालाई उपयोग गर्दै आर्थिक विकासको बाटोमा दृढ रूपमा नेपाल अघि बढेको उल्लेख गर्दै प्रधानमन्त्रीले एसियाका दुई ठूला अर्थतन्त्रहरू बीचमा रहेको नेपाल प्रचुर जलविद्युत् स्रोत, पर्यटन र कृषि व्यवसाय क्षेत्र एवं मेहनती युवा जनसंख्याजस्ता सबल अवस्थामा रहेको स्पष्ट पारे । नेपालको महत्वपूर्ण विकास साझेदारका रूपमा आइडिए छ दशकदेखि रहेको र २०७२ सालको भूकम्पपछिको पुनःनिर्माणमा ठूलो वित्तीय स्रोत परिचालन गरेको प्रधानमन्त्री दाहालले स्मरण गरे ।

विश्व बैंकका वरिष्ठ प्रबन्ध निर्देशक एक्सेल भान ट्रोटसनबर्ग आइडिएले वित्तीय स्रोत परिचालनका लागि दाता र लाभग्राही देशबीच मध्यस्थता गरिरहेको बताए । 'यो बैठकले आइडिएको स्रोत परिचालनका लागि मार्गदर्शन गर्नेछ । यो बैठकले अहिलेका लागि नभई अबको दशकका लागि कसरी योजनाबद्ध ढङ्गले अघि बढ्ने भन्ने तय गर्नेछ', उनले भने । व्यवसायी सङ्गीता श्रेष्ठले नेपाल भौगोलिक, सांस्कृतिक, पर्यावरणीय रूपमा धनी हुनुका बाबजुद विभिन्न खालका प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरको निकै ठूलो जोखिममा रहेको बताए ।

कर्पोरेट

## ग्लोबल आइएमईको नयाँ एटिएम विमानस्थलमा




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा नयाँ एटिएम सञ्चालनमा ल्याएको छ। बैंकले अन्तर ाष्ट्रिय टर्मिनलको लगेज लिने ठाउँमा नयाँ एटिएम सेवा सञ्चालनमा ल्याएको हो। उक्त नयाँ एटिएम सेवा थप भएसँगै ग्लोबल आइएमई बैंकको एटिएम संख्या ३८४ पुगेको छ । यसैगरी, विमानस्थलकै आन्तरिक टर्मिनलमा रहेको एटिएम सेवालाई सेल्फी लिने स्थानमा स्थानान्तरण गरिएको छ। दुवै टर्मिनलमा रहेका एटिएम मेशिन २४ सै घण्टा सञ्चालनमा रहने छन्।

मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर एवम् ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

## हिमालयन र सिटिजन्स क्यापिटलबीच सम्झौता



**काठमाडौं (प्रस)–** हिमालयन बैंक लिमिटेड र सिटिजन्स क्यापिटल लिमिटेड बीच थप सार्वजनिक निष्काशनको लागि निष्काशन तथा बिक्री प्रबन्धक नियुक्ती सम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौतामा हिमालयन बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोक शम्शेर ज.ब.रा तथा सिटिजन्स क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरे। सम्झौता अनुसार सिटिजन्स क्यापिटल लिमिटेडले हिमालयन बैंक लिमिटेडको थप सार्वजनिक निष्काशको लागि बिक्री प्रबन्धकको कार्य गर्नेछ ।

## कुलेखानीमा २० मेगावाट मात्र उत्पादन

**हेटौंडा (प्रस)–** मकवानपुरको इन्द्रसरोवरमा रहेको कुलेखानी जलासयको सतह घटेपछि ६० मेगावाट उत्पादन क्षमताको आयोजनाले २० मेगावाट मात्र विद्युत् उत्पादन गरिरहेको छ। कुलेखानी प्रथम जलविद्युत् केन्द्रका अनुसार पानीको सतह घटेकाले दुई दिनदेखि उत्पादन घटेको हो ।

कुलेखानी प्रथम जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्टका अनुसार एक हजार पाँच सय ३० मिटर गहिराईको पानीमा संचालन हुने कुलेखानी जलासयको सतह घटेर एक हजार चार सय ८५ मिटर पुगेपछि अत्यावश्यक समयमा मात्र आयोजनाले उत्पादन गरिरहेको छ। पछिल्लो समय पानी नपरेकाले जलविद्युत्को महत्वपूर्ण 'ब्याकअप' आयोजना मानिने कुलेखानीमा पानीको सतह घटेको प्रमुख भट्टले जानकारी दिए। विशेष गरी नदीको पानी कम हुँदा विद्युत् आपूर्ति सन्तुलन गर्न र विद्युत् अधिक माग भएको समयमा तथा भोल्टेज तलमाथी हुँदा विद्युत् वितरण प्रणाली व्यवस्थित गर्न कुलेखानी जलविद्युत् आयोजना प्रयोग गरिन्छ।

समुद्री सतहबाट एक हजार चार सय ८३ मिटरसम्म पानी पुगेपछि बिजुली उत्पादन गर्न नमिल्ने उनको भनाइ छ। पछिल्लो समयमा कुलेखानी जलविद्युत् आयोजना नियमित चलाउनुपरेको र पानी नपरेका कारण इन्द्रसरोवरमा पानीको सतह घटेको उनले जानकारी दिए। प्रमुख भट्टका अनुसार सोमबारसम्म एक हजार चार सय ८४ दशमलव ९८ मिटरसम्म मापन गरिएको थियो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ